ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१०  ❑ अङ्क-१९, २०७५ भदौ २३ गते, शनिबार (Sept.8, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्याः ६

पृष्ठ ३ मा



मृगौला रोगका मुख्य कारण

# अञ्चल अस्पतालका डायलासिस मेसिन चल्दैनन्



सप्तरी / उपलब्ध स्रोत/साधन ब्यवस्थित गर्न नसक्दा सप्तरीको राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा सुरु भएको डायलाइसिस सेवा प्रभावित हुन थालेको छ। अपेक्षा अनुसार सेवा उपलब्ध नभएपछि बिरामीहरु निरास हुन थालेका छन् ।

उपप्रधान एवम् स्वास्थ्य मन्त्री उपेन्द्र यादवले तीन साताअघि मात्रै डायलाइसिस सेवाको उद्घाटन गरेका थिए । उपलब्ध ४ मेसिन मध्ये २ मेसिन मार्फत् सेवा सुरु गरिएको थियो। अन्य दुइवटा मेसिन अहिलेसम्म पनि सञ्चालनमा ल्याइएको छैन ।

दुई वटा मेसिन मात्र संचालनमा रहेकाले डायलाईसिस सेवा सुस्त छ । तर, बिरामीको चाप दिनदिनै वढ्दै गएको अस्पतालका मडिकल सुपरिटेन्डेण्ट चुमनलाल दासले वताए । अस्पतालका अनुसार ७ जना मृगौलाका रोगीले डायलाइसिस सेवा लिईरहेका छन् भने विहिवार साँझसम्म १४ जना बिरामी पालो पर्खेर वसेका छन् ।

दुई वटा मेसिनमा प्राविधिक समस्या देखिएपछि दुई वटा मेसिनमात्रै संचालनमा रहेको अस्पतालले जनाएको छ । उद्घाटनकै समयमा पूर्ण क्षमतामा सेवा सुरु गर्न प्रयास भएपनि मेसिनको समस्याले अहिले पनि सोच अनुसार काम गर्न नसकिएको मेसु दासले वताए ।

बिग्रिएका मेसिन मर्मतका लागि प्राविधिकले समय उपलब्ध नगराएको उनको भनाई छ । उनले भने- 'हामीले पटक-पटक सम्पर्क गरिरेहका छौ, तर सम्भव भइरहेको छैन ।'

डायलाइसिस सेवा संचालनमा स्वास्थ्यकर्मी र प्राविधिकको पनि अभाव छ ।

बाँकी अन्तिम पृष्ठमा

# रेस्फेकको नवनिर्मित भवन उद्घाटन




फत्तेपुर / सप्तरीको सप्तकोसी नगरपालिकामा प्राथमिक स्वास्थ्य सेबा श्रोत केन्द्र रेस्फेक सप्तरी उदयपुर फिल्ड कार्यलयको नबनिर्मित भवन गत बुधबार एक कार्यक्रमका बिच उद्घाटन गरिएको छ।

सप्तकोसी नगरपालिका वडा न २ मा रहेको करिब १ कठ्ठा जग्गामा निर्मित १० कोठे दुई तले पक्की भवन निर्माण गरिएको छ । भवन निर्माणका लागि स्थानीय समाजसेवि तथा पूर्व जनप्रतिनिधि गोबिन्द बहादुर बस्नेत करिब १० लाख बराबरको जग्गा उपलब्ध गराएका छ्न । २०५५ साल देखि सप्तरीको फत्तेपुरमा कार्यलय राखेर सप्तरी उदयपुरलाई कार्यक्षेत्र बनाइ स्वास्थ्य शिक्षा बाताबरण कृषिलगायतका क्षेत्र लगानी गरि समाज परिवर्तन मा अग्रणि भुमिका खेल्दै आएको सामाजिक सस्था रेस्फेक आफ्नो भवन नहुदा भाडामा कार्यलय सञ्चालन गर्दै आएको थियो । रेस्फेकले आफ्नै लगानीमा भवन निर्माण गरि कार्यक्रमका प्रमुख अतिथी तथा प्रदेश न २ का भुमी ब्यवस्था,कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद शाह, विशिष्ट अतिथी रेस्फेकका कार्यकारी निर्देशक शान्तलाल मुल्मीले संयुक्त रुपमा उद्घाटन गरेका छ्न । भवन उद्घाटन कार्यक्रममा बोल्दै मन्त्रीले कृषिलाई आधुनिककरण गरि ब्यावसाहिककरण गर्न नसकेकाले कृषि पेसा अगाडि बढन नसकेका बताए । उनले यान्त्रिकरण विधिबाट खेती गर्नु पर्नेमा जोड दिए । गोबिन्द बहादुर बस्नेतको

बाँकी अन्तिम पृष्ठमा

publicnews8@gmail.com/ 9852047779/9852065409

LOG ON...www.janatimes.com

लोकप्रिय डिजिटल मिडिया jt janatimes

विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग विशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

## अञ्चल...

अहिले पनि बिराटनगरबाट प्राविधिक बोलाएर दुई जना नर्सको भरमा सेवालाई निरन्तरता दिइएको दासले जानकारी दिए। भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रका १ प्राविधिक र १ जना नर्सलाई बोलाएर डायलाइसिस सेवाको उद्घाटन गरिएको थियो ।

डायलाइसिस सेवाका लागि तत्कालिन स्वास्थ्य मन्त्री गगन थापाको विशेष पहलमा दुईवटा मेसिनसहित २ करोड २४ लाख मूल्य बराबरका स्वास्थ्य सामग्री उपलब्ध गराइएको थियो भने स्वास्थ्य विभागमार्फत दुईवटा मेसिन थप गरिएको थियो । तिनै मध्येका दुई मेसिन सञ्चालन गरी मन्त्री यादवले भदौ १ गते डायलाइसिस सेवाको उद्घाटन गरेका थिए ।

## रेस्फेकको...

अध्यक्षतामा सम्पन्न कार्यक्रममा रेस्फेक का निर्देशक शान्तलाल मुल्मी सप्तकोसी नगर प्रमुख उत्तम कुमार शर्मा, चौदण्डीगढि नगरपालिकाका प्रमुख खगेन्द्र राई लगायतले मन्तव्य राखेका थिए ।

- सार्वजनिक निकायहरुले आफ्नो निकाय सम्बन्धी सूचना प्रत्येक तीन/तीन महिनामा विभिन्न राष्ट्रिय भाषामा प्रकाशित गर्नुपर्ने तथा आम सञ्चार माध्यमको उपयोग गर्नुपर्ने कानूनी व्यवस्था छ । यसको पालना भए-नभएको नागरिकले चासो व्यक्त गर्नुपर्छ ।
- प्रत्येक सार्वजनिक निकायले सूचनाको वर्गीकरण गर्नुपर्छ । ती निकायहरुले सूचनादाताको संरक्षण गर्नुपर्छ । कानून बमोजिम क्षतिपूर्ति दिने गरी आयोगबाट निर्णय भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउनु पर्नेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## बेलका नगरपालिकाको अनुरोध

- नगरलाई सधसर्वधा सफासुग्घर राखौं ।
- व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफैं तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरूवा रोपैं ।
- घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुुयाऔं ।
- आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।
- असुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगवाट वचौं ।
- सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**

## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रूपमा विकास गर्न आ– आफनो क्षेत्रवाट लागि परौं र
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफैं तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
- सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर वनाउन पहल गरौं ।
- शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ र कपडा तथा कागजका झोलाहरू वढीमात्रामा प्योग गरौ ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुुयाऔं ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
- आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
- असुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
- सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**

खगेन्द्र कार्की
९८४२०९२१०७
९८०७७५३२०२
शंकर कार्की
९८६३९०८७५९

जनता बुक्स एण्ड स्टेशनरी
सप्तकोशी नपा-१, फत्तेपुर, सप्तरी
बासपार्क जाने बाटो (हेल्थपोष्ट अगाडी)

हाम्रा सेवाहरु
यहाँ बोर्डिङ्ग स्कूल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक, स्टेसनरी, पत्र पत्रिकामा विज्ञापन गर्नका साथै खेलकुदका सम्पूर्ण सामानहरु खुद्रा तथा होलसेल मूल्यमा पाइन्छ । साथै विवाह तथा व्रतबन्धका सम्पूर्ण कार्डहरु उपलब्ध गराइन्छ ।






Complete Mobile & Computer Concern
extra easy zone for excellent service in electrics, education & entertainment
Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com



प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail /com,publicnews8@gmail /com, Web site: www /janatimes /com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

स्वास्थ्य....................

## दुधमा कोलीफर्म: स्वास्थ्यमा हानी

प्रशोधित दूध डेरीमा मानव स्वास्थ्यलाई हानि पुऱ्याउने कोलिफर्म नामक जीवाणु भेटिएको छ। पहिले पानीमा मात्र भेटिने गर को सुनिने यो जिवाणुले मानिसको स्वास्थ्यमा हानी पुऱ्याउँछ ।

कोलिफर्म भनेको जिवाणुहरुको समूह हो। बाहिरी वातावरणमा रहेको पानी,माटो, मानिस वा तातो रगत भएका जनावरका दिसामा यो जीवाणु पाइन्छ। यसलाई सामान्यतः तीन प्रकारले छुट्याएर हेरिन्छ र यसैका आधार मा स्वास्थ्य जोखिम पनि छुट्याइन्छ। सबै कोलिफर्म हानिकारक भने हुँदैन।

टोटल कोलिफर्म, फेकल कोलिफर्म र इको कोलिफर्म गरी कोलिफर्मलाइ मुख्यतः ३ प्रकारमा बाँडिन्छ। टोटल कोलिफर्मले आफूले प्रयोग गर्ने पानीमा फोहर मिसिएको बताउँछ भने फेकलले पानीमा जनावर वा मानिसको दिसा मिसिएको संकेत गर्छ।

त्यसैगरी इको कोलिफर्मलाई फेकल कोलिफर्मको उपसमूहका रुपमा लिने गरि न्छ। इको कोलिफर्मले कहिलेकाहीं बान्ता, पखाला, टाउको दुख्ने र मांसपेशी बाउँडिने समेत गराउँछ। अहिलेसम्म दूधमा कुन कोलिफर्म भेटिएको भनेर पत्ता लागिसकेको छैन। विदेशमा जस्तो एकदम हानिकारक महामारी नै फैलिने कोलिफर्म भेटिएको हो या समान्य भेटिएको हो त्यो भने यकिन हुन सकेको छैन।

दूधमा भेटिएका कोलिफर्मको जीवाणुले असर पारिहाल्ने त होइन तर दूध भने मज्जाले नै उमालेर खानुपर्छ। सफा भाँडामा राम्ररी उमालेर खाएमा किटाणु मर्छन् त्यस्तो हानी गर्दैन।

## ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१–५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# विग्रदो स्वास्थ्य सेवाको सुधार कसरी ?

**गंगाराज अर्याल**

देश अहिले संघीय गणतन्त्र मुलुक भएको छ, । राज्यका तीनै तहको गठन भएको छ । त्यसैपनि विग्रँदो स्वास्थ्य सेवाको अवस्थालाई वर्तमान संघीय संरचनामा सामाजिक विकासमा गाभेर तहसनहस पारिएको छ । सन् १९७८ मा अल्माआटामा भएको प्राथमिक स्वास्थ्य सेवाको अवधारणाको अनुमोदन पश्चात् हाम्रो स्वास्थ्य सेवामा केही गतिला प्रयाषहरु देखा परेका थिए । किनभने केन्द्रदेखि समुदायस्तरसम्म स्थापित नेपालको स्वास्थ्य सेवा स्वास्थ्य सञ्जाल मुलुककै अत्यन्त प्रभावकारी भएको र भारत, वङ्गलादेश, थाइलैण्ड, कोरिया र इजरायल जस्ता मुलुकले राम्रो मानेको प्रत्यक्ष अनुभव पंक्तिकारले गरेको छ ।

स्वास्थ्य मन्त्रालय अन्तरगत तीनवटा विभागको समेत स्थापना भएका, जसमा औषधि व्यबस्था विभागले औषधि निर्माता, औषधिको गुणस्तर तथा औषधि/उपचार गर्ने जनशक्तिको बैधानिकता सम्बन्धि सुपरिवेक्षण, अनुगमन तथा नियन्त्रण, आयुर्वेद विभागले देशभरका आयुर्वेद चिकित्सा तथा जनशक्ति सम्बन्धि सुपरिवेक्षण,अनुगमन तथा नियन्त्रण, स्वास्थ्य सेवा विभाग अन्तरगत ७ वटा महाशाखा तथा ६ वटा केन्द्र, काठमाण्डौ उपत्यकामा ६ वटा केन्द्रिय अस्पतालबाट विरामीलाई विशेषज्ञ स्वास्थ्य सेवा पुऱ्याएका थिए ।

हालसम्म तीनवटा क्षेत्रीय अस्पताल तथा तीनवटा उप-क्षेत्रीय अस्पताल, १० वटा अञ्चलस्तरीय, ८३ वटा जिल्ला तथा अन्य अस्पतालले विरामीलाई स्वास्थ्य उपचार सेवा पुर्ऱ्याएका थिए । ५ वटा क्षेत्रीय स्वास्थ्य निर्देशनालय, ५ वटै क्षेत्रीय मेडिकल स्टोर तथा ५ वटा क्षेत्रीय स्वास्थ्य तालिम केन्द्रले क्षेत्रीयस्तरमा सुपरिवेक्षण, अनुगमन गरी स्वास्थ्य सेवामा महत्वपूर्ण टेवा पुर्ऱ्याएका थिए । जिल्लास्तरमा ४९ वटा जिल्ला स्वास्थ्य कार्यालय तथा २८ वटा जिल्ला जनस्वास्थ्य कार्यालय र अन्तरगत २ सय २ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र तथा ३ हजार ८ सय ३ वटा स्वास्थ्य चौकी मार्फत समुदायस्तरसम्मका स्वास्थ्य सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका थिए । स्वास्थ्य मन्त्रालयद्वारा २०४८ सालदेखि राष्ट्रिय स्वास्थ्य नीति वनाई समुदायस्तरसम्म स्वास्थ्य सेवा पुर्ऱ्याउने उद्देश्य राखेर कार्यरत थिए । सवै नागरीकहरुको मौलिक हककोरुपमा सहज तथा प्रभावकारी किसिमले गुणस्तरीय स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउँदै आएका थिए ।

स्वास्थ्य सेवा ऐन २०५३ नै अपाङ्ग जन्मेको भनी आलोचना भएको हो । किनभने यो ऐनमा मेडिकल अधिकृत वाहेक अन्य स्वास्थ्य जनशक्तिको बृत्तिविकास, स्तरबृद्धि/बढुवामा अत्यधिक भेदभाव गरिएको छ । जस्तै सहायक चौथो तहका स्वास्थ्यकर्मी छैठौं तहमा पुगिसक्दा पनि सहायक पाँचौं तहमा शुरु नियुक्ति पाएका प्राविधिकको स्तरबृद्धि हुन सकेका हुँदैनन् । लोक सेवा आयोगको स्तरमा मेडिकल अधिकृत र जनस्वास्थ्य अधिकृतलाई एउटै तहमा राखेको छ,तर स्वास्थ्य ऐन अनुसार मेडिकल अधिकृतको शुरु नियुक्ति नै आठौं तहमा हुन्छ भने जनस्वास्थ्य अधिकृतको सातौं तहमा हुने गरी भेदभाव गरेको छ ।

भर्खरै गति लिन लागेको स्वास्थ्य सेवालाई संघीयता संरचना अन्तरगत सामाजिक विकास मन्त्रालयमा गाभेर बढी संकुचित गराईएको छ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ४ वटा महाशाखामा सिमित पारिएको छ भने स्वास्थ्य सेवा विभागका ५ वटा महाशाखामा घटाइएको छ । जनतालाई स्वास्थ्य सेवा पुऱ्याउन जिल्लाका स्वास्थ्य संस्था र कार्यबोझ तथा दरबन्दी घटाउने वहानामा बिल्कुलै अबैज्ञानिक किसिमले संस्था तथा दरबन्दी व्यवस्थापन गरिएको छ ।

-तत्कालीन क्षेत्रीय स्वास्थ्य निर्देशनालयलाई प्रदेश सामाजिक विकास मन्त्रालय अन्तरगत ९ वटा शाखा र ३७ जना कर्मचारीको दरबन्दी कायम गरिएको प्रदेश स्वास्थ्य निर्देशनालय कायम गरिएको छ । प्रदेश भरीको स्वास्थ्य सेवाको व्यवस्थापन, अनुगमन गर्नु पर्ने दायित्व वहन गर्ने निर्देशनालयलाई सामाजिक विकास मन्त्रालय मातहतमा राखेर अपाङ्ग वनाइएको छ ।

- देशका जनतालाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने अत्यन्त महत्वपूर्ण कदम स्वास्थ्य बीमा कार्यक्रम हो । तर स्वास्थ्य बीमा बोर्डको अध्यक्ष पदमा स्वास्थ्य सचिवलाई हटाएर त्रि.वि.का पदाधिकारीलाई अध्यक्ष वनाइएको छ, यसलाई बिडम्वना नै मान्नु पर्दछ ।

- ७७ वटै जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयको कार्यक्षेत्र, स्तर तथा नेतृत्व हचुवाका भरमाघटाएर ३५ जिल्ला मात्र कायम राखी ४२ जिल्लालाई मातहतमा राखिएको छ । जसमध्ये १२ जिल्लामा १४ जनाको दरबन्दी, १८ जिल्लामा ११ जनाको दरबन्दी र ५ जिल्लामा ८ जनाको दरबन्दी कायम गरिएको छ ।

-तत्कालीन विकास क्षेत्रको सदरमुकाम रहेका जिल्लाका मातहत र एक अर्को जिल्लाको सिमानसंग मिल्ने किसिमले कायम गरिएको छैन ।

-नेतृत्वमा रहेका जिल्लाका मातहतका जिल्लाको दूरी, सुपरिवेक्षण/अनुगमनको सम्भाव्यताको ख्यालै नगरी मातहत कायम गरिएको छ । उदाहरणकालागि दाङ्गबाट अर्घाखाँची जिल्लाको सुपरिवेक्षण, अनुगमन गर्न सम्भव छ ?गोरखाले नवलपरासी (पूर्व)को सुपरिवेक्षण गर्न भ्रमण आदि खर्चको हिसावले पनि सम्भव छ ?

रु तराई, जनसंख्याको चाँप भएका जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरी,रुपन्देही, वाँके, र कैलालीमा सातौं/आठौं तहको जनस्वास्थ्य अधिकृतको नेतृत्व मनासीव छ ?

- जिल्ला स्वास्थ्य कार्यालय, भोजपुरको मातहतमा धनकुटा कायम गरिनु मनासीव छ र ?

- खोप, सरुवारोग/यौनरोग, किटजन्यरोग, परिवार नियोजन, सुरक्षित मातृत्व, क्षयरोग, कुष्ठरोग, स्वास्थ्य शिक्षा जस्ता जनस्वास्थ्य सेवाका घनिष्ठ सम्बन्ध रहेका सुपरिवेक्षकको दरबन्दी १ देखि ३ जनामात्र कायम गरिएको छ, कम्तीका ६ जनाको दरबन्दीलाई ३ जनामा सिमित गर्दा कत्तिको न्यायसंगत र प्रभावकारी होला ?

- प्रदेशका स्वास्थ्य तालिम केन्द्रमा स्वास्थ्य शिक्षा र जनस्वास्थ्य समूहका एकै तहका कर्मचारीको दरबन्दीले अन्तरकलह जन्माउँदैन ? स्वाभाविकैले तालिम केन्द्रका प्रमुख/निर्देशक स्वास्थ्य शिक्षा समूहकै हुनुपर्दैन ?

- विहान १० वजेदेखि ३ वजेसम्म खोले पुग्ने बहिरंग सेवा खोलिएका छैनन् । स्वास्थ्यकर्मी जिल्लामा नजाने, अवधिभरी नवस्ने, छिटोछिटो सरुवा हुने गरेका छन् । औषधि उपकरण प्रयाप्त मात्रामा आपूर्ति हुन सक्का छैनन् । अधिकांश महिला स्वास्थ्य स्वयम् सेविकाले स्वास्थ्य सन्देश पुर्ऱ्याएका छैनन् ।

यसरी तहसनहस भई सकेको स्वास्थ्य सेवालाई संघीयतामा गम्भीर किसिमले सुधार नगरिएमा देशका हरेक नागरिकलाई सहजरुपमा आधारभूत निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने सपना हराएरै जाने दिन नआउला भन्न सकिदैन । त्यसकारण संघीय स्वास्थ्य सेवाको व्यवस्थापनमा बैज्ञानिक किसिमको सुधार नगरी सुखै छैन् ।

- सर्वप्रथम विभेदकारी स्वास्थ्य सेवा ऐन २०५३ खारेज गरिनुपर्दछ वा स्वास्थ्य सेवाका सहायक चौथो तहदेखि एघारौं तहसम्मका प्राविधिक जनशक्तिलाई समेट्नेगरी वैज्ञानिक किसिमले संशोधन गरिनु पर्दछ । जुन तहमा स्तरोन्नति वा स्तरबद्धि हुने हो सोकालागिग आवश्यक योग्यता हासिल गरी लोक सेवा आयोगको प्रतिष्पर्धात्मक परीक्षामा छनौट भएपछि मात्र पदनाम्पदस्थापनाको व्यवस्था गरिनु पर्दछ ।

- सामाजिक विकास मन्त्रालय अन्तरगत रहने भएपछि ३७ जना कर्मचारीलाई तलव, भत्ता र अन्य सुविधा खर्चको व्ययभार बढाउने गरी प्रदेश स्वास्थ्य निर्देशनालय कायम गर्नुको औचित्य केही छैन । त्यसकारण प्रदेश स्वास्थ्य निर्देशनालय खारेज गर्न मनासिव छ।

- ७७ जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई घटाएर ३५ जिल्लाका मातहतमा नराखी जिल्लाको जनसंख्या र प्रदेशको राजधानी भएका जिल्ला हेरी मातहतमा राखिने जिल्ला हचुवाको भरमा नराखी छिमेकी जिल्लालाई मात्र समेट्ने व्यवस्था गरिनु पर्दछ । जसमध्ये १२ जिल्लामा १४ जनाको दरबन्दी, १८ जिल्लामा ११ जनाको दरबन्दी र ५ जिल्लामा ८ जनाको दरबन्दी कायम गर्दा जनतालाई स्वास्थ्य सेवा पुर्ऱ्याउन मुश्किल पर्दछ । त्यसकारण जिल्लास्तरका सुपरिवेक्षक पदको दरबन्दी नघटाई यथावत कायम गरिनुपर्दछ ।

- विहान १० वजेदेखि ३ वजेसम्म बहिरंग सेवा खोलिएका छैनन् । स्वास्थ्यकर्मीको आफ्नो मात्र स्वार्थ हेर्ने र अधिकांश महिला स्वास्थ्य स्वयम् सेविकाले स्वास्थ्य सन्देश पुर्ऱ्याउन र सल्लाह दिन सकेका छैनन् । त्यसकारण सम्बन्धित स्थानीय तहले समयसम्म सेवा पुऱ्याएको सुनिश्चित तथा महिला स्वास्थ्य स्वयम् सेविकालाई स्वास्थ्य सन्देश पुर्ऱ्याउन परिचालन गर्नु पर्दछ ।

- स्वास्थ्य सेवा अव स्थानीय सरकारको हातमा पुगेकोले स्वास्थ्य सेवाको अपनत्व ग्रहण गरी आवश्यक पूर्वाधारको उपयुक्त व्यवस्था गर्नु पर्दछ । स्वास्थ्य कार्यालयसंग समन्वय गरी भवन तथा औषधी उपकरणको समयमै आपूर्ति व्यवस्था गरिनु पर्दछ ।

- स्वास्थ्य प्राविधिक जनशक्ति उत्पादन गर्दा प्रदेश तथा स्थानीय सरकारले स्वास्थ्यको महत्व बुझेर दुर्गम क्षेत्रका उम्मेदवारलाईनै प्राथमिकता दिई छनौट गरिनु पर्दछ । यसो गरेमा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउन निकै सजिलो हुन्छ । स्वास्थ्य सेवाका जुनसुकै पदकालागि रिक्त रहेका जिल्ला वा स्थानवाटै छनौट गर्ने परिपाटी बसाल्न सक्नुपर्दछ । साथै सरुवा र काजको अवधि कम्तीमा दुई वर्षसम्म वसेकै हुनुपर्ने प्रावधान राख्नुपर्दछ । यदि अत्यावश्यक नै परेमा करारमा नियुक्ति गरी खटाउन सक्नुपर्दछ ।

- स्वास्थ्य बीमा बोर्डको अध्यक्षको अत्यन्त महत्वपूर्ण योग्यता नै मुलुकको स्वास्थ्य सेवा प्रणालीका वारेमा राम्ररी बुझेको, जानेको र स्वास्थ्य सेवाको उच्चतम पदाधिकारी हुनु हो । त्यसैले स्वास्थ्य सचिवलाई बोर्डको अध्यक्ष पदमा नियुक्ति गर्नु पर्दछ ।

- स्वास्थ्य सेवाको तल्लो चौथो तहदेखि माथिल्लो तहसम्म स्तरोन्नति हुन योग्य जनशक्तिलाई माथिल्लो तहकोलागि आवश्यक कोर्ष वा तालिममा सहभागिता गराईनु पर्दछ । उदाहरणकालागि अ.हेव.वाट सि.अ.हे.व. वा हे.अ., अ.न.मी.वाट सि.अ.न.मी. वा स्टाफनर्स, ल्याव अशिष्टेण्ट वाट ल्याव टेक्निसियन, हे.अ.वाट एम.बि.बि.एस.कोर्ष अध्ययन गर्ने प्रावधान राख्नै पर्दछ । यसो गर्दा अनुभवी तथा योग्य जनशक्तिको स्तरोन्नति हुनुकासाथै अझ बढी प्रोत्साहित भई कार्य सम्पादन हुन सक्छ ।

- स्वास्थ्य मन्त्रालयको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी अत्यन्त नाजुक छ । संघीय स्वास्थ्य मन्त्रालयले आफ्ना स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको काम, कर्तव्य र उत्तरदायित्वको संस्थामै पुगेर बास्तविक समस्याको प्रभावकारी किसिमले समाधान गरिदिनु पर्दछ । साथै प्रदेश वा स्थानीय सरकारसंग सम्न्वय गरी सुपरिवेक्षण,

बाँकी तीन पृष्ठमा

# किन खाने रायोको साग



- रायोको सागमा भिटामिन-ए प्रशस्त पाइने भएकाले यसले रतन्धोलगायत रोगबाट केटाकेटीलाई बचाउँछ।

- रुघा लागेमा रायोको दाना पिसेर यसलाई महमा मिसाई सुँघ्नाले सञ्चो हुन्छ।

- पाचनशक्ति कमजोर छ भने रायोको दाना पिसेर यसलाई तरकारीमा हालेर हप्तादिनजति खानाले पाचनशक्ति बलियो बन्दै जान्छ। यसो गर्नाले भोक नलाग्ने समस्या पनि हटेर जान्छ।

- रायोको गेडाको चूर्णलाई तातोपानीमा हालेर घोली कुल्ला गर्नाले दाँतको दुखाइ कम हन्छ।

- बच्चाको ओछ्यानमा पिसाब फेर्ने बानी छ भने उसलाई रायोको चूर्णलाई चिसोपानीमा मिसाएर पिलाउने गर्नुपर्छ

# मृगौला रोगका मुख्य कारण

**१. मधुमेह**

क्रोनिक मृगौला रोग हुने सबैभन्दा मुख्य कारण मधुमेह हो। मधुमेहले मृगौलाको कार्यलाई बिस्तारै कम गरिदिन्छ। सुगरको उच्च मात्राले मृगौलाको रक्तवाहिनी नलीलाई असर पुऱ्याउँछ र क्रोनिक मृगौला रोगको कारण बन्छ।

**२. हाइपरटेन्सन**

क्रोनिक मृगौलाको समस्या हुने एउटा कारण उच्च रक्तचाप पनि हो, जसलाई हाइपरटेन्सन पनि भनिन्छ। उच्च रक्तचापले मृगौलाको कार्यलाई असर पार्छ। मृगौलाको समस्या अन्य कारणले देखिएपनि हाइपरटेन्सनले यसलाई अझ बढी खराब पार्छ।

**३. मृगौलाको साँघुरिएको धमनी**

मृगौलाको धमनीले यसको कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ। साथै यसले मृगौलामा रगत प्रवाहमा पनि सहयोग पुऱ्याउँछ, यदि यो धमनी अवरुद्ध भएमा रगत प्रवाह हुन सक्दैन र समस्या बढ्छ।

**४. जन्मजात समस्या**

जन्मजात समस्याले मुत्रमार्गमा बाधा उत्पन्न गराउँछ, यसबाट कैयौं समस्या उत्पन्न हुनसक्छन्, जसले मृगौलालाई असर पार्छ। यद्यपि गर्भमै रहेका बेला यो समस्या फेला पारेमा शल्यचिकित्साद्वारा ठीक गर्न सकिन्छ।

**५. लागुऔषध तथा विषात्त पदार्थ**

लागुऔषध तथा लामोसमयसम्म औषधि सेवनले मृगौलालाई असर पुग्न सक्छ। आवश्यकभन्दा बढी स्टेराइडल एन्टी इन्फ्लेमेटरी ड्रग्सको प्रयोग र स्ट्रीट ड्रग्सको प्रयोगले किड्नीलाई बढी असर पुऱ्याउँछ।



## विग्रदो ........

अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी वसाल्नु पर्दछ। प्रथम हुने संस्था, जिल्ला तथा प्रदेशका कर्मचारीलाई पुरष्कृत गरिनु पर्दछ। कर्मचारीको बृत्ति विकास, सरुवा, बढुवा आदिमा गम्भीर र प्रभावकारी नीति वनाई कार्यान्वयन गरिनु पर्दछ।

- स्वास्थ्य मन्त्रालयद्वारा हरेक वर्ष विभिन्न स्वास्थ्य सूचकाङ्कका आधारमा वार्षिक कार्यक्रमको समीक्षा गर्दा जनस्वास्थ्य कार्यक्रमको राम्रो र प्रभावकारी मूल्याङ्कन गरी हरेक वर्षको उत्कृष्ट पुरष्कार प्रदान गरिनु बैज्ञानिक आधार हुन्छ।

- नेपालको स्वास्थ्य क्षेत्रमा गैह्रसरकारी क्षेत्र अत्यन्त हावी भएको छ। चाहे संयुक्त राष्ट्रसंघीय संस्था वा अन्तरराष्ट्रिय तथा राष्ट्रिय संस्थाको इसारामा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग तथा मातहतका निकाय नाचिरहेका छन्। त्यसकारण देशमा ँडोनर ड्राईभिङ हुनुपर्नेमा 'डोनर्स ड्राइभेन' भएको छ। यसले गर्दा देशको स्वास्थ्य क्षेत्रको योजना उनीहरुकै अभिरुचीमा भर पर्नाले प्रभावकारी स्वास्थ्य सेवा पुग्न सकेको छैन। त्यसकारण गैह्रसरकारी संघसंस्थाको हालीमुहालीको सट्टा सहयोग, सुझाव मात्र लिएर निर्णय गर्नु पर्दछ।

- देशका नागरिकको गुणस्तरीय स्वास्थ्यको सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रम अधिराज्यभरी क्रमशः लागु हुँदैछ। तर यसको सफलताको लागि स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम व्यापक रुपमा बढाउनु पर्दछ।

- हरेक स्वास्थ्य नीतिमा आधुनिक स्वास्थ्य प्रणालीकासाथै वैकल्पिक स्वास्थ्य प्रणालीको समेत विकास गर्दै लैजाने भनी लेखिएको हुन्छ तर नीति बमोजिम प्राकृतिक तथा आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्न सकेको छैन। त्यसकारण वैकल्पिक स्वास्थ्य प्रणाली समेतको विकास गरी तदनुरुप कार्यान्वयन गर्दा सेवाग्राहीले स्वास्थ्य सेवा पाउन सक्छन्।

- मेरो ४० वर्षको स्वास्थ्य सेवाको अनुभवमासंघीय संरचनामा कायम भएका ३५ जिल्ला तथा मातहतमा रहने जिल्लाको दरबन्दी स्थानीय सरकारको समन्वयमा अत्यन्त बैज्ञानिक किसिमले कायम गरेमात्र मुलुकका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिन्छ।

*(अर्याल सरकारी स्वास्थ्य सेवामा करिव ४० वर्ष सेवागरी निर्देशक पदबाट सेवा निवृत्त भएका हुन)*

# मेथी खादाका फाइदा

१. मेथीको सेवनले शरीरमा राम्रो कोलेस्टेरोल बढ्छ र नराम्रो कोलेस्टेरोल घट्छ। यसबाट मुटुसम्बन्धी रोग पनि कम हुन्छ।

२. मेथीको सेवनले रगतमा ग्लुकोजको स्तर कम हुन्छ, जसबाट डाइबेटिजको टाइप वान र टाइप टु दुवै नियन्त्रित हुन्छ।

३. सुत्केरी भएपछि महिलाको दुध बढाउन मेथीको सेवन फाइदाजनक हुन्छ। यसमा रहेको डायसजेनिन नामक स्टेरोइड यस मामलामा फाइदाजनक हुन्छ।

४. पेट खराब हुँदा या अपचको स्थितिमा मेथीको सेवन लाभकारी हुनछ। यसले भोक पनि बढाउँछ।

५. कब्जियत हटाउँन मेथी फाइदाजनक मानिन्छ। यसले शरीरको मेटाबोलिजम ठीक राख्छ।

६. मेथीको सेवनले स्तन क्यान्सर र प्रोस्टेट क्यान्सरको खतरा पनि कम गर्छ।

७. उच्च रक्तचापका बिरामीका लागि मेथीको सेवन फाइदाजनक हुन्छ, यसबाट रक्तचाप पनि नियन्त्रण हुन्छ।

८. मेथीको सेवनबाट शरीरमा टेस्टोस्टेरोनको स्तर पनि बढ्छ, जसबाट मांसपेशी बन्छ र शरीर मजबूत हुन्छ।

९. छालामा र्यासेज अथवा चायाजस्ता समस्याका लाग मेथीको दानाको सेवन फाइदाजनक हुन्छ।



## तपाईंको यो साता

**मेष (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ। पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।**

**वृष (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ। नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।**

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।**

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। मन प्रफुल्ल रहला।**

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।**

**कन्या (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): समय उत्तम खालको छ। तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।**

**वृश्चिक:(टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला। मनमा उत्साह र हिम्मत बढ्नेछ।**

**तुला (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।**

**धनु (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला। स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न। मन दोधार होला।**

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला। प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला।**

**कुम्भ (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला। शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।**

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला। शुभ समाचार सुन्नाले मन प्रशन्न रहला।**

# नेपाली भाषाको सामाजिक इतिहास

**शर्वराज आचार्य**

जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास भन्ने कृति वि.सं. २०७४ को भानु जयन्तीको उपलक्ष्यमा माधवप्रसाद पाखरेलको प्रधान सम्पादकत्व र पाटन ढोकाको कमलमणि प्रकाशनबाट प्रकाशित भएको छ। बृहत् इतिहासका पाँच ठेलीमध्ये यस पहिलो ठेलीमा प्रधान सम्पादकले नेपाली भाषाको सामाजिक, नेपाली व्याकरण र अभिलेखीय नेपाली व्याकरणको इतिहाससँगै नेपाली अभिलेखीय शब्दकोश गरी चार ओटा कृतिहरुको सङ्कलन र सम्पादन गरेका छन्।

परम्परागत इतिहास लेखनका ढाँचा, विषय वस्तुको पुनरावृत्ति र वर्ण विन्यासमा अनेक रूपता देखिएकाले यो ठेली यथावत् संकलितमात्र बनेको छ, सम्पादित बन्नसकेको छैन। कृतिमा पुनरावृत्ति र बाझिएका सूचना तथा निष्कर्षको नियन्त्रण नगरिएकाले संस्थाको भन्दा उल्लिखित शीर्षकका हरेक लेखकका दृष्टिकोण नै आधिकारिक बनेर प्रस्तुत भएका छन्। यसरी जन समक्ष आएको कृतिलाई प्रधान सम्पादकले विश्व कोशका ढर्रामा तयार हुने इतिहास भन्न पुगेका छन्। पंक्तिकारले यो बृहत् इतिहासमा रहेको नेपाली भाषाको सामाजिक इतिहास भन्ने शीर्षकभित्र मात्र सामान्य आँखा डुलाएको छ। नेपाली भाषाको साइनो, भाषा नीति र भाषा योजनाका बारेमा र त्यसपछि नेपाली भाषाको विकासका लागि गरिएका कामअन्तर्गत नेपाली हिज्जे र यसको लाजमर्दो अशुद्धि, नेपाली व्याकरण र शिक्षा (पठन पाठन) का सम्बन्धमा छोटो टिप्पणी गरेको छु।

नेपाली भाषाको साइनो खोज्ने क्रममा स्वदेशी र विदेशी विद्वान्हरुले थुप्रै कलम चलाएका छन्। यस कृतिमा भने स्वदेशीको भन्दा धेरै विदेशीको नाम दिइएको छ। स्वदेशीमा सम्पादक र सम्पादकको जस्तै थर पर्ने विद्वान्को मात्र नाम लिएको देखिन्छ। यसले नेपाली भाषाको साइनो विदेशी र एक दुई जना नेपाली पोखेल थरले मात्र खोज गरेका रहेछन् कि भन्ने भान पर्छ। यसो गर्दा नेपाली भाषाको साइनो खोज्ने विदेशी विद्वान्हरु र पोखरेल थरको कार्यमात्र उल्लेखनीय र अन्य स्वदेशी विद्वान्हरुको कार्य अनुल्लेखनीय बन्न पुगेको छ। त्यस कारण यसको अर्को संस्करणमा नेपाली भाषाको साइनो खोज्ने नेपाली विद्वान्हरुले गरेका कार्यलाई पनि यसभित्र समेटिनु अपेक्षित छ।

कृतिभित्र भाषा योजनाका बारेमा विदेशी विद्वान्हरुले दिएको सिद्धान्त र नेपालको भाषा नीतिको समेत चर्चा गरिएको छ। चर्चामा भाषा योजनाका बारेमा नेपाली विद्वान्हरुका सैद्धान्तिक दृष्टिकोण उल्लेख गरेको भेटिँदैन। बरु विद्वान्हरुको राष्ट्रभाषा सम्बन्धी धारणा भनेर मातृकाप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला र गणेशमान सिंहजस्ता नेपाली कांग्रेसका नेताको भनाइ उल्लेख गरिएको छ। तर, वि.सं.२००७ को प्रजातन्त्रको सूत्रपातपछि बनेको पहिलो राष्ट्रिय शिक्षा आयोग वि.सं.२०१० को प्रतिवेदनले कक्षा ६ देखि मातृभाषा शिक्षण गर्ने सुझाउ दिएको विषय बिर्सन मिल्दैन। नेपालको भाषा नीतिका बारेमा विद्वान्हरुकै कुरा गर्ने हो भने पञ्चायती व्यवस्था लागु भएपछि आएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट–२०१८ मा बालचन्द्र शर्मा र पद्मप्रसाद भट्टराई जस्ता विद्वान्ले भनेका प्राथमिक शिक्षा मातृभाषामा हुनुपर्ने कुरा छुटाउनु हुन्थेन। वि.स.२०२२ भन्दा अगाडि नेपालीबाहेक अन्य भाषामा पनि नेपाल सरकारको रेडियोबाट समाचार प्रसारण भएको थियो।

यसले गर्दा पञ्चायतको प्रारम्भताका नीतिगत रूपमा भने नेपालको शिक्षा र सञ्चार क्षेत्रतिर पूरै एक भाषा नीति थियो भन्ने देखिँदैन। यसतर्फ पनि कृतिले ध्यान दिन सकेमा भाषाको ऐतिहासिक यथार्थमाथि पटाक्षेप र भाषिक राजनीति गर्नेहरुको बहकाउ देखिने थिएन।

यस समाजिक इतिहासले नेपालको भाषा योजनाका बारेमा पनि बोलेको छ। सोभियत सङ्घले सन् १९०९ र पपुवा न्यु गिनीले सन् १९९० देखि लिएको जस्तै नेपालले पनि आफ्नो भाषा नीति अवलम्बन गर्नुपर्ने सुझाउ पनि दिएको छ। नेपालमा भाषाहरुको विना अध्ययन भाषा नीति बनाइएको र अहिलेसम्म भाषा योजनाको काम नभएको उल्लेख गरिएको छ। संवैधानिक रूपमा भने वि.सं.२०४७ को नेपाल अधिराज्यको संविधानले नेपालका अन्य भाषालाई पनि नीतिगत सम्बोधन गरेको हो।

यसपछि नेपाल सरकारले वि.सं.२०५० मा बनाएको राष्ट्रिय भाषा नीति सुझाउ आयोगले नेपालमा भाषा सम्बन्धी राष्ट्रिय दृष्ट्रिकोण प्रस्तुत गरेको छ। शिक्षा र सञ्चार क्षेत्रतिर यस आयोगले दिएका सुझाउहरु क्रमशः लागु हुँदैगएको देखिन्छ। यस सामाजिक इतिहासले नेपालमा लागु भएको बहुभाषिक नीतिलाई उल्लेख गर्न सकेको भए प्रजातन्त्रको पुनःस्थापनापछि आजसम्म नेपालमा देखिएका बहुभाषिक नीतिको कार्यान्वयन पक्ष पनि देखिने थियो। लगभग अहिले २२ ओटा जति भाषाबाट तल्ला कक्षाहरुमा दिइने मातृभाषा शिक्षा, प्रमुख भाषामा बनाइएका सिनेमा, सञ्चालित टेलिभिजन र प्रकाशित हुने पत्रपत्रिकालाई नेपालमा भाषिक योजनाकै प्रतिफलका रूपमा लिइन्छ। भाषा योजना र नेपाल शीर्षकको भाषाको प्रयोग क्षेत्र भन्ने उपशीर्षकमा सरकारीस्तरबाट लागु गरिएको विद्यालयको मातृभाषा शिक्षा कृतिमा उल्लेख भएको देखिएन। बरु, अहिले सरकारी जिम्मामा रहेको प्राथमिक वा आधारभूत तहको मातृभाषा शिक्षालाई पपुवा न्यु गिनीमा जस्तै सम्बन्धित भाषिक समुदायलाई क्रमशः जिम्मा दिने सुझाउ दिनु उपयुक्त हुने थियो।

नेपाली हिज्जेका बारेमा यसले लामै गुनासो पोखेको छ। हिज्जेमा एक रूपता ल्याउन धेरै प्रयास भए पनि नेपाली लेखाइमा लाजमर्दो अशुद्धि रहेकाले नेपाली भाषाको मानकीकरणमा यो चुनौतीपूर्ण विषय हो भन्ने यस कृतिको ठम्याइ छ। विश्वमै सभ्य देश मानिने नेपालमा मन्त्री, सांसद्, वकिल, न्यायाधीश, सचिव, उपकुलपति, प्राज्ञ, विश्वविद्यालय र विद्यालयका शिक्षक हुन शुद्ध हिज्जे जान्नु नपर्ने र सरकारी कामकाजको भाषा लेखाइमा असभ्य हुन पाइने लाजमर्दो स्थिति देशमा छ भनिएको छ। नेपाली भाषामा प्रकाशित हुने छापा र विद्युतीय पत्रिकाका सम्पादकमा समेत नेपाली भाषाको शुद्ध हिज्जेप्रति बेवास्ता रहेको छ। यसले तल्लो कक्षामा पास हुन र नेपाली पढाउने शिक्षकले मात्र शुद्ध हिज्जे जान्नुपर्ने तर विभिन्न कार्यक्षेत्रमा काम गर्नुपर्नेहरुलाई शुद्ध हिज्जे जान्नु नपर्ने एउटा असभ्य परम्परा विकसित हुनुले गणतान्त्रिक नेपालको भाषिक चेतनाप्रति यस पुस्तकले गतिलो झापट दिएको छ।

व्याकरणअन्तर्गत पनि नेपालमा परम्परागत र आधुनिक व्याकरण प्रचलनमा आएका देखिन्छन्। कृतिले विदेशीहरुलाई पनि स्थान दिएकाले एटन र टर्नबुल जस्ता अङ्ग्रेजी भाषामा लेखिएका नेपाली परम्परागत वयाकरणहरुको उल्लेख गरेको छ। बृहत् नेपाली व्याकरण लेख्ने रोहिणीप्रसाद भट्टराईबाहेक अन्य परम्परागत प्रमुख व्याकरणकारको नाम यसभित्र छुटेको देखिएन। तर वि.सं.२०३६ तिरै आधुनिक भाषा विज्ञानको सोच भित्र्याउने मोहनराज शर्मा यसभित्र छुटेको देखियो। उनीपछि त्यस सोचलाई प्रवेश गराएर वि.सं. २०४९ तिर व्याकरण लेख्ने हेमाङ्गराज अधिकारीको नाम पनि छुटेको पाइयो। कृतिले यहाँ पनि एकैचोटि पछिल्लो नेपाली व्याकरण लेख्ने बालकृष्ण र माधवप्रसाद जस्ता पोखरेललाई मात्र चिनाएको छ। हुनत, यो कुरा नेपाली व्याकरणको इतिहास लेख्ने सुकुम शर्माको कृतिले छुटाएको छैन। अब नेपाली भाषामा परम्परागत र आधुनिक व्याकरणको प्रवेश गराउने व्याकरणकारको कित्ता छुट्ट्याएर कृतिको परिमार्जित प्रकाशन आउन सके झन् स्पष्टता आउने थियो।

नेपाली भाषालाई मानक बनाउने कार्यको चर्चामा कृतिको पृष्ठ १०१ मा नेपाली भाषाको संस्थागत पठन पाठन वि.सं.१९१० मा दरबार स्कुल खुलेपछि संस्थागतरूपमा नेपाली विषय पढाउने इतिहास सुरु भयो भन्ने कुरा चाहिँ ऐतिहासिक तथ्यसँग मिलेको देखिएन। किनभने स्कुल भारतको कलकत्ता विश्वविद्यालयसँग सम्बन्धित भएकाले नेपालको भन्दा इस्ट इन्डियाको परिस्थिति अनुकूल स्कुलको पाठ्यक्रम बनेको थियो। त्यसैले भर्नाकुलर नेपाली पनि अङ्ग्रेजी माध्यमबाट पढाइ हुन्थ्यो।

कक्षा ४ सम्म मौखिक र कक्षा ५ देखि लिखित परीक्षा हुनेगर्थ्यो। त्यस समयमा ज्वाला सिंह हमालले अङ्ग्रेजी भाषामा लेखेको एङ्लो नेपाली ग्रामर भन्ने पुस्तक पढाएको पाइन्छ। यो नेपाली ग्रामर पनि स्कुलको स्थापना कालदेखि नै पढाएको देखिँदैन। यसरी पढाउनुलाई नेपाली विषय पढाउने इतिहास प्रारम्भ भएको मान्न सकिँदैन।

यो नेपाली भाषाको सामाजिक इतिहासका लेखिकाको नाम शैलजा पोखरेल रहेको छ। पाठकका आँखा सर्सरी डुलाउँदा लेखिकाले भन्दा पनि जगदम्बा नेपाली साहित्यको बृहत् इतिहासका प्रधान सम्पादकले उल्लिखित सानातिना कुरालाई ध्यान दिएको देखिएन। यस कृतिलाई गडेर अध्ययन गर्नेहरुले छुटेका अन्य थप पक्ष पनि खुट्याउन सक्लान्। कृतिले दोस्रो संस्करण बनेर आउनु पर्दा यस्तै खुट्याएका पक्षमा परिमार्जित हुन सकेमा जसमाथि यश पनि थपिने थियो।






# फत्तेपुर तालिम केन्द्रको स्थापना

फत्तेपुर / युवाहरु रोजगार अभावमा बिदेश पलायन भइरहेको समयमा फत्तेपुरका केही युवाहरु मिलेर समुहमा तालिम केन्द्रको स्थापना गरेका छन ।

सप्तकोसी नगरपालिका वडा न १ का तीन जना युवाहरुले गाउँघरमा रहेका बेरोजगार युवा युवतीलाई लक्षित गरि शुक्रवार देखि फत्तेपुरमा सप्तकोसी टेक्निकल इन्स्टिच्युट एण्ड ट्रेनिङ सेन्टरको सुरुवात गरेका हुन । ट्रेनिङ सेन्टर को उद्घाटन गर्दै सप्तकोसी नगरपालिका वडा न २ का वडा अध्यक्ष सोनालाल चौधरीले प्राबिधिक शिक्षानै आजको आबश्यक्ता रहेकोले यस क्षेत्रका युवा युवतीहरुलाइ घरमा त्यसै समय खेर फाल्नु भन्दा सीप सिकि रोजगारमुखी बन्न आग्रह गरे । सिपमुलक ज्ञान नहुदा धेरै युवा युवतीको बेरोजगार को संख्या बढिरहेकोले यश ट्रेनिङ सेन्टरमा आइ सीप सिक्न आग्रह गरेउद्घाटन कार्यक्रम मा बोल्दै ट्रैनिङ सेन्टर संचालक सदस्य अरुण कट्वाल ले थुप्रै युवा युवती लाइ ट्रैनिङ दिई स्वरोजगार बनाइने बताए ।

शुक्रवार उद्घाटन गरिएको उक्त ट्रैनिङ सेन्टरमा मोबाइल मर्मत,कम्प्युटर मर्मत,हाउस वाइरिङ,पानी तान्ने मोटर तालिम,कम्प्युटर तालिम,लोकसेवा तयारी कक्षा ,अङ्गेजी भाषा लगायतका कक्षाहरु सन्चालन गरिने अर्का सन्चालक द्ध्य विश्वास पोखरेल र भानुभक्त ढकालले बताए ।

सप्तकोसी नगरपालिका भरी छरिएर रहेका ब्याबसायी मिलेर मंगलबार फत्तेपुर मा नगर स्तरिय उधोग बाणिज्य संघको तदर्थ समिती गठन गरिएको छ ।

यस भन्दा पहिले श्यामकान्त चौधरी को अध्यक्षतामा गठित उधोग बाणिज्य संघ लाई विघटन गर्दै सुदास राई को सन्योजकत्व मा ९ सदस्यीय तदर्थ समिती गठन गरिएको छ ।

स्थानीय भगवती मन्दिर को सभा हल मा सम्पन्न ब्याबसायी हरु को भेलाले गठन गरेको उक्त संघ मा राजेन्द्र सेन्चुरी ,रमण लाल कर्ण,सुशील अचार्य, दिनेश साह,नवीन राई,रबि गुप्ता ,अरुन साह,बिनोद चौधरी सदस्य चयन भएका छनाबाकी २जना महिला सद्स्य भने पछी मनोनित गरिने सदस्य राजेन्द्र सेन्चुरीले बताए ।

# बक्तित्वकला प्रतियोगिता सम्पन्न



फत्तेपुर / ११ औ पुस्ताकालय दिवसमा बक्तित्वकला प्रतियोगिता सप्तरीको सप्तकोसी नगरपालिका फत्तेपुरमा मनाइएको छ ।

पुस्ताकालय दिवसको अबसरमा रेस्फेक फत्तेपुरको सहयोगमा प्रयास पुस्ताकालय फत्तेपुरले "समृद्ध पुस्ताकालय सुदृढ समाज" भन्ने आदर्श बाणिका साथ पुस्ताकालयको महत्व विषयमा सप्तकोसी नगरपालिका अन्तर बिद्यालय बक्तितबकला प्रतियोगिता सञ्चालन गरेको हो । प्रतियोगिता मा सामुदायिक र निजि गरि ८ वटा बिधालय का १६ जना विद्यार्थी हरुले सहभागिता जनाएका थिए । प्रतियोगितामा प्रथम, सुरेन्द्र फुयाल ब्राइटफ्युचर एकेडेमी, फत्तेपुर दोस्रो दिक्षिका थापा मोदर मेमोरियल फत्तेपुर, दोस्रो स्थान मै राजेन्द्र खड्का गो.बै.ज.उ.मा.बि.फत्तेपु र तेस्रो स्थान शुस्मिता खड्का जनता मा.बि.कमलपुरले जितेकी छिन । कार्यबाहक नगरप्रमुख उचित नारायण चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रम मा सप्तकोसी नगर शिक्षा समिती शिक्षा अधिकृत जस बहादुर कार्कीको प्रमुख आतिथ्यतामा भएको थियो । प्रतियोगितामा विजेतालाई पुरस्कार तथा प्रमाणपत्र बितरण गरिएको कार्यक्रम संयोजक रमेश कार्कीले जानकारी दिए ।


## २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरु:**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन

**स्पोर्ट सेवाहरु:**

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार




एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,

*नोट: प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

## माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

## सम्पूर्ण कपडा एकै ठाउ

अब तपाईहरुको बजार रामपुर सर्व सुलव मूल्यमा रेडिमेड तथा थान कपडाका लागि हामीलाई सम्झनुहोस् र साथै सिरक डसना पनि बनाई सुलव मुल्यमा विक्रि गरिन्छ ।

**प्रो. सरद कोईराला**

**सम्पदा कपडा पसल**

**रामपुर, ठोक्सिला बजार उदयपुर मो. 9805726379**

दर्ता नं: १२१०५५/०७० भ्याट नं: ६०१८६०६२७

## अमर कम्पनी एण्ड कन्सल्टेन्सी

द्धारा सञ्चालित

## कर सहयोग परामर्श सेवा केन्द्र

सेवाहरु

ब्यापार ब्यवसाय, उद्योग, संघ-संस्था, सहकारी, ठेक्कापट्टा, गैरसरकारी संस्था, वित्तीय संस्था, शिक्षण संस्था, आदीको कर परामर्श सेवाहरु

१. प्यान भ्याटको वार्षिक नविकरण
२. स्थायी लेखा नम्वर (प्यान/भ्याट) दर्ता
३. आय विवरण, भ्याट विवरण मासिक/चौमासिक
४. शिक्षा तथा स्वास्थ्य सेवा कर विवरण बुझाउने सेवा
५. घर वहाल कर,लाभ कर सामाजिक सुरक्षा कर
६. सम्पूर्ण करको भुक्तानीको ब्यवस्था
८ बैंक ऋण तथा सरकारी अनुदानका लागि वित्तीय विवरण प्रोफाइल तयार गर्ने
९. कम्पनी दर्ता नविकरण सम्वन्धी सेवा

प्रधान कार्यालय
धरान-१२, चतरा लाईन
फोन नं. ९८५२०४८३२५, ९८४२३५५३६२, ९८०४३५६९२६
Email: accdharan@gmail.com

## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।

**प्रो.केदार श्रेष्ठ**

**माता मनकामना इन्टरप्राइजेज**

**सप्तकोसी नपा-१, फत्तेपुर**

**०३१-५५०१०६, ९८०७७३८९१, ९८५२८२१२९१**




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

**सम्पर्क स्थान**

**N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक**

**सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३**

**नोट: आयुर्बेदिक डाक्टरद्वारा ववासिर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।**